आज मिति २०७६/०५/१५ गते बिहिबार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको औ बैठक बस्यो ।

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री माधव के.सी. | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री गोपालराज शर्मा लम्साल | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री मिन बहादुर सोती मगर | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | — |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | — |
| ११ | श्री मेख बहादुर थापा सारु | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री रमेश बहादुर ठाडा | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | — |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री बिष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | — |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री सुबोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | [signature] |
| २५ | श्री कमला दमाई | कार्यपालिका सदस्य | [signature] |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | [signature] |
| २८ | विष्णु प्रसाद भुसाल | सदस्य सचिव | [signature] |

अन्य आमन्त्रित

१. जिवलाल श्रेष्ठ, प्रशासन तथा योजना अनुगमन शाखा
२. टिकाराम बस्याल, इन्जिनियर, पूर्वाधार विकास शाखा
३. कृष्ण हरी लामकोटी, सूचना प्रविधि अधिकृत

मिति २०७६/०५/१९ मा बसेको ४३ औ कार्यपालिका बैठकको निर्णयहरु:

१. देवचुली नगरपालिकाको ४१ औ बैठकको बुँदा नं. ४ मा उल्लेखित सेवा करारका कर्मचारीको लागि आ.व २०७६/०७७ को लागि साविकमा खाईपाई आएको मासिक पारिश्रमिकमा १० प्रतिशत थप गरी सेवा करार सम्झौता गर्ने भन्ने निर्णय भएकोमा अब उप्रान्त दैनिक कार्य सम्पादन विवरण पेश गर्नु पर्ने व्यवस्था गरी निजहरुको साविकमा खाईपाई आएको पारिश्रमिकमा अधिकृत स्तरको १८ प्रतिशत र सहायक स्तरको २० प्रतिशत थप गरी सेवा करार सम्झौता गर्ने ।

२. एन.आई.सी एसिया बैंकमा देवचुली नगरपालिकाको खाता रहेको भन्ने बुझिन आएकोले उक्त खाता बन्द गरी साविकमा रहेको राष्ट्रिय बाणिज्य बैंकमा नै खाता संचालन गर्ने ।

३. आ.व २०७६/०७७ को सबै वडा, विषयगत कार्यालय र शाखागत वार्षिक योजना कार्यान्वयन कार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

४. विधान समितिबाट पेश गरिएका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क. जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७६

ख. "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को पहिलो संसोधन, २०७६

ग. हेभि इक्युप्मेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को पहिलो संसोधन, २०७६

घ. उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को पहिलो संसोधन २०७६

५. आ.व २०७६/०७७ मा क्रमागतमा नलगेका ५ लाख भन्दा मुनिका देहायका योजनाहरुमा नगरक्षेत्र पूर्वाधार मर्मत तथा स्तरोन्नती शिर्षकबाट खर्च गरी कार्यान्वयन गर्ने ।

क. वडा नं. ११ प्रगातिनगर पुस्ताकालयको अन्तिम मूल्याँकनमा नपुग रकम ।

ख. वडा नं. १३ कालोपत्रे मर्मत सुधार ४,००,०००।-

ग. वडा नं. १२ कुनाघाट नाला निर्माणको लागि ५०,०००।- उपलब्ध गराउने

६. वडा नं. ९ को कालिका माध्यमिक विद्यालय र वडा नं. १२ को दिव्यज्योति आधारभुत विद्यालयको लागि बस खरिद गर्न सम्बन्धित विद्यालयको खातामा स्वीकृत रकम पेश्की दिने । नियमानुसार प्रक्रिया पुरयाई बस खरिद गरी विल पेश गर्न लगाउने ।

७. दिव्यपुरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लागि जेनेरेटर खरिद सम्बन्धी सम्पूर्ण प्रक्रिया पुरा भै आएमा सम्बन्धित कम्पनी वा विक्रेतालाई विल बमोजिम भुक्तानी गरिदिने ।

८. झोलुङ्गो पुल हेरालुको लागि आ.व २०७५/७६ का लागि भुक्तानी दिन बाँकी रहेको पारिश्रमिक रकम रु ६,००० ।- का दरले ३ वटा झलुङ्गे पुलको हेरालुलाई रु १८,०००।- भुक्तानी दिने ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

९. सबै कालोपत्रे सडक निर्माणलाई ठेक्का (ई.टेण्डर) प्रक्रिया पुरा गरी अस्फाल्ड विधिबाट पिच गर्ने । सडक निर्माणको अनुगमन र नियमन गर्न उपभोक्ता समिति गठन गर्ने र ई-टेष्टर ठेक्काको लागि ४ वटा ठेक्का बनाई एउटै सूचनामा समावेश गर्ने । सडक निर्माणको अनुगमन र नियमन गर्न उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

१०. यस नगरपालिकाको विभिन्न स्थानमा गर्नुपर्ने विद्युतीकरण बारे विद्युत प्राधिकरण कार्यालय कावासोतीसँग तत्काल समन्वय गर्ने ।

११. बालमैत्री नगर घोषणा दिवसको अवसरमा २०७६ भाद्र २९ गते सरोकारवाला बीच समिक्षा कार्यक्रम गर्ने ।

१२. क्लब, आमा-समुह र संघ संस्थालाई देवचुली नगरपालिकाको कार्यालयमा आवश्यक कागजात सहित दर्ता गर्न लगाउने र दर्ता भएकालाई नविकरण गर्न लगाउने निर्णय गरियो ।

१३. नगर प्रोफाइलको किताबको मुल्य रु ७५० तोक्ने निर्णय गरियो ।

१४. संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय जारी सूचना अनुसार सन २०२० लाई नेपाल भ्रमण बर्ष सफल बनाउन Visit Nepal 2020 को लोगो यस कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत सबै सार्वजनिक तथा विभिन्न संघ संस्थाको लेटर प्याडमा प्रयोग गर्ने निर्णय गरियो ।

१५ वातावरण समितिले खोलाहरुको अनुगमन गरी उपयुक्त ठहर्‍याए बमोजिमका खोलाको स्थानहरुमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने

१६. देहायका विषयमा छलफल तथा जानकारी भयो ।

क. दलदले बजार क्षेत्रको सडक मर्मत संभार गर्नुपर्ने ।

ख. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तंगत श्रम प्रधान योजनाहरु संकलन गर्ने ।

ग. समपुरक कोषसँग समपुरण गरी संचालन गर्न सकिने योजनाहरु एकिन गर्ने ।

घ. झोलुङ्गे पुलहरु निर्माण गर्ने ।

ङ. नक्सा पास र निजी भवन निर्माण गर्न अपनाइएको नयाँ प्रक्रिया बारे

च. योजना सम्झौता र योजनाको बिल भूक्तानीका लागि आवश्यक कागजात र प्रक्रिया बारे ।

छ. कावासोती कुमसोत खण्डको वालुवा डाडामा सडक निर्माण गरी माटो खसालेको कारणले घुमाउरे बन क्षेत्रमा मुहान र नहरमा क्षति पुर्‍याएको बारे सम्बन्धित निकायमा ध्यानाकर्षण गराउने

ज. फोहोर मैला व्यवस्थापन नँया ढंगले गर्ने ।

झ. २०७६ भाद्र २२ गते शिक्षा दिवस भव्य रुपमा मनाउने ।

ञ. वडा नं. ११ को बोरिङ निर्माण कार्य तत्काल शुरु गराउने ।

ट. नारायणी नदी र खोलाहरुमा माछा मार्नु अबैध भएकोले सर्वसाधारणमा जानकारी गराउने ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख